यस हिमाल दोलखा हाईड्रो पावर कम्पनी लिमिटेडको संचालक समितिको बैठक आज मिति २०७९ साल श्रावण १३ गते दिउँसो ११:०० बजे कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा संचालक समितिका अध्यक्ष रञ्जना दहालको अध्यक्षतामा बसी निम्न प्रस्ताव उपर छलफल तथा निर्णयहरु गरियो :-

**उपस्थिति :**

| | |
|---|---|
| १.श्री रञ्जना दहाल | संचालक, अध्यक्ष |
| २. श्री निरा श्रेष्ठ | संचालक |
| ३. श्री मनु श्रेष्ठ | संचालक |

**छलफलका विषयहरु:**

१. संचालक समितिको आ. ब. २०७६/७७ र २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारीत गर्ने सम्बन्धमा ।

२. आ.ब. आ. ब.२०७६/०७७ र २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी सो लाई आगामि साधारण सभामा पेश गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐनको दफा ७८ बमोजिमको प्रतिवेदन स्वीकृत गर्ने बारे ।

४. कम्पनीलाई थप पूँजीको आवश्यकता भएकोले हकप्रद शेयर निश्कासनगरी कम्पनीको पुँजि वृद्धि गर्ने सम्बन्धमा विशेष प्रस्ताव बारे ।

५.कम्पनीको प्रबन्ध-पत्रदफा ६(क),(ख),(घ) र ७(क) तथा नियमावलीको नियम १८(६), १९(७), २०, २३(१) र २७(१क) मा संशोधन विशेष प्रस्ताव पेश गर्ने बारे ।

६. कम्पनीको आगामि बार्षिक साधारण सभा बोलाउने र साधारण सभाका लागि छलफलका विषयहरु एवं सभा हुने समय ,स्थान र मिति तोक्ने सम्बन्धमा ।

७.विविध ।

**निर्णयहरु:**

१) प्रस्ताव नं. १ उपर छलफल हुँदा कम्पनीको संचालक समितिको आ. ब. २०७६/०७७ र २०७७/७८ को वार्षिक प्रतिवेदन पारित गरी आगामी वार्षिक साधारण सभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं.२ उपर छलफल गर्दा यस कम्पनीको आ.ब.२०७६/०७७ को G. Poudel & Associates, Chartered Accountants, र आ. ब. २०७७/७८ को I. P. Mainali & Associates द्वारा तयार लेखापरीक्षण प्रतिवेदन उपर छलफल गर्दा सो लेखापरीक्षण प्रतिवेदन मनासिव देखिएकोले सो प्रतिवेदनलाई पारित गर्दै आगामि वार्षिक साधारण सभामा पेश गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ उपर छलफल हुंदा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको संलग्न आ. ब. २०७६/७७ र २०७७/७८ को प्रतिवेदनउपर छलफल हुँदा उक्त प्रतिवेदनलाई सर्वसम्मतिबाट स्वीकृत( पारित) गर्ने निर्णय गरियो ।

४) प्रस्तव नं ४ उपर छलफल हुँदा कम्पनीको वित्तिय व्यवस्थापनलाई सहज गर्नको लागि हकप्रद शेयर निश्कासन गरी कम्पनीको पुँजि वृद्धि गर्न आवश्यक देखिएकोले सो सम्बन्धी प्रस्ताव अनुमोदनको लागि आगामी वार्षिक साधारण सभामा पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

५) प्रस्ताव नं. ५ उपर छलफल हुँदा कम्पनी ऐनको व्यवस्था तथा कम्पनीको हकप्रद शेयर निश्कासन पश्चात् कम्पनीको निम्नबमोजिम हुनेगरी प्रबन्धपत्र र नियमावलीमा संसोधन गनुपर्ने भएकोले प्रबन्धपत्र तथा नियमावलीमा संशोधनको लागि कम्पनीको आगामी वार्षिक साधारण सभामा विशेष प्रस्तावको रुपमा पेश गर्ने निर्णय गरियो ।

**प्रबन्धपत्र : दफा ६(क)** कम्पनीको अधिकृत पुँजि रु.२,८००,०००,०००/–(दुई अरब असि लाख मात्र) हुनेछ । सो पुँजिलाई रु.१००/– का दरले २८००००० थान साधारण शेयरमा विभाजन गरीएको छ ।

**दफा ६(ख)** कम्पनीको तत्काल जारी गर्ने शेयर पुँजि रु.२,८००,०००,०००/–(दुई अरब असि लाख मात्र) हुनेछ । सो पुँजिलाई रु.१००/– का दरले २८००००० थान साधारण शेयरमा विभाजन गरीएको छ ।

दफा ६(घ) : कम्पनी शतप्रतिशत जारी पूँजीलाई साधारण शेयरको पूँजीको रुपमा राखेको छ ।

दफा ७(क) :कम्पनीको सम्पूर्ण शेयर सर्वसाधारण शेयरको रुपमा रहनेछ ।

**नियमावली**

**नियम१८(६) :** उपनियम (३) वा (५) वमोजिम बोलाईएको साधारण सभा नियम (२३) बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको सूचना दिई साधारण सभाबोलाईने छ ।

**नियम १९(७)** : कूल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृती दिएको मा बाहेक सभाको सूचना मा उल्लेख नगरिएको विषय(एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

**नियम २०(१)** : साधारण सभामा पेश गर्ने अन्य विषयहरुः

संचालक समितिबाट कुनै निर्णय गरी साधारण सभाबाट अनुमोदन गराउने गरी निर्णय भएको विषय र साधारण सभामा उपस्थित कुल शेयरधनीको ६७ प्रतिशत शेयरधनीहरुले साधारण सभा मा छलफल को लागि पेश गरेको प्रस्ताव साधारण सभामा निर्णयको लागि पेश गरिनेछ ।

**नियम २३(१) :** बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्वहुने गरी कुल शेयरधनीहरु मध्ये ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि(प्रोक्सी) मार्फत उपस्थित नभई साधारण सभाको काम कारवाही प्रारम्भ हुने छैन ।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुन:बोलाईएको साधारण सभामा कुल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुनेगरी ३ जना शेयरधनी स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

**नियम २७(१क):** यस कम्पनीमा ६(छ) जनाको संचालक समिति रहने छ । सर्वसाधारणहरुलाई शेयर निश्कासन गरी शेयर बाँडफाँड भएको ३ वर्ष पूरा भएपश्चात् संस्थापक तथा सर्वसाधारणको एउटै शेयरधनी समूह हुने भएकोले कम्पनीको सम्पूर्ण शेयरधनीको तर्फबाट संचालक समितिमा ५ जना रहनेछ । साथै १(एक) जना विशेषज्ञ संचालक नियुक्त गरिनेछ ।

६) प्रस्ताव नं. ६ उपर छलफल हुँदा कम्पनी को आगामि आ.ब. २०७६/०७७ र २०७७/७८ को वार्षिक साधारण सभामा पेश हुने छलफलका विषयहरु र साधारण सभा हुने मिति, समय र स्थान निम्न अनुसार रहेकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउने र सो सम्वन्धी सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

**<u>वार्षिक साधारण सभामा पेश हुने छलफलका विषयहरु :</u>**

**क) साधारण प्रस्तावहरु**

१) सञ्चालक समितिको तर्फबाट प्रस्तुतहुने आ.ब. २०७६/०७७ र २०७७/७८ को वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।

२) लेखा परिक्षकको प्रतिवेदन सहितको आ.ब. २०७६/०७७ र २०७७/७८ को वासलात, नाफा नोक्सानहिसाबतथानगदप्रवाहविवरण लगायत सो सँग सम्बन्धित अनुसुचीहरु माथि छलफल गरी पारित गर्ने।

३)आ.ब. २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रामिक निर्धारण गर्ने ।

४)कम्पनीको संस्थापक शेयरधनीहरुको तर्फबाट ३ जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ जना संचालकको नियुक्ती गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

(१) कम्पनीको हाल कायम भएको चुक्ता पुँजि रु.१,६००,०००,०००/–(एक अर्ब साठी करोड मात्र) को ७५ प्रतिशत अर्थात (१:०.७५को अनुपात) हकप्रद शेयर जारी गर्ने वारे ।

(२) हकप्रद शेयर जारी पश्चात कायम हुने अधिकृत पुँजि रु.२,८००,०००,०००/-(दुइ अर्ब असी करोड मात्र) र जारी तथा चुक्ता पुँजि रु.२,८००,०००,०००/-(दुइ अर्ब असी करोड मात्र) अनुरुप हुनेगरी कम्पनीको प्रबन्धपत्र को दफा ६(क),(ख) मा संसोधन गर्ने वारे ।

(३) कम्पनीको हाल कायम भएको प्रबन्धपत्र को दफा ६(घ) र ७(क) तथा नियमावलीको नियम १८(६),१९(७),२०,२३(१) र २७(१क) मा संसोधन गर्ने वारे ।

ग) विविध ।

**सभाहुने मिति, समय र स्थान :**

क) मिति :- २०७९/०५/०३ गते

ख) समय :- बिहान ११:०० बजे

ग) स्थान :- लिसारा हल, नक्साल, काठमाण्डौ ।

६. आजको यस बैठकमा छलफलको लागि अन्य विषयहरु नभएकोले बैठकको अन्त्य गरियो ।

Himal Dolakha Hydropower Company Ltd.